वर्ष २० | अंक १०७ | नेपाल संवत् ११४२ | २०७८ पुस २७ गते मंगलबार | 11 Jan. 2022 | पृष्ठ ४ | मूल्य रु. १०






एउटै पढे पुग्छ

# समाधान

samadhannews.com
राष्ट्रिय दैनिक






# एमाले कास्की नेतृत्व चुन्न आज मतदान




**समाधान संवाददाता**
पोखरा, २६ पुस

नेपाल कम्युनिस्ट पार्टी (एमाले) कास्कीको १० औं अधिवेशनबाठ नेतृत्व चयनका लागि मंगलबार मतदान हुने भएको छ । पोखरा सभागृहका बिहान ९ बजेदेखि मतदान सुरु हुने प्रमुख निर्वाचन अधिकृत सुरेन्द्र थापामगरले जानकारी दिए ।

अधिवेशन अन्तर्गत आइतबार र सोमबार केही भौगोलिक तथा गैरभौगोलिक क्षेत्रका उम्मेद्वार निर्विरोध भएका छन् । निर्विरोध हुन नसकेका क्षेत्रमा मतदान गर्न लागिएको हो । सोमबार उम्मेद्वार विरुद्धको दाबी विरोध तथा उम्मेद्वारी फिर्ताको समय अवधिमा मतपत्र छाप्न भएको ढिलाइले मतदान गर्न ढिलाइ भएको हो ।

जिल्ला कमिटीका लागि भूगोलतर्फ पोखरा महानगरपालिकाका १९ वडाबाट निर्विरोध भएको प्रमुख निर्वाचन अधिकृत थापाले जानकारी दिए । वडा नम्बर २ बाट दिनानाथ सुवेदी, ३ बाट राजकुमारी भुजेल, ४ बाट राजकुमारी पन्थी, वडा नम्बर ६ बाट चिरञ्जीवी पोखरेल र वडा नम्बर ९ बाट गोपी तुलाचन निर्विरोध भएका छन् ।

**पोखरा महानगरका १९ वडा, मादी र रुपाबाट चुनिने सबै सदस्य निर्विरोध भएका छन्। बाँकी पदमा २ प्यानल मैदानमा छन्।**

पोखराका वडा नम्बर ११, १२, १३, १४, १५, १६, १८, १९, २१, २२ बाट क्रमशः बलबहादुर नेपाली, ऋषिराम लामिछाने, हरिबहादुर बराल, बलबहादुर सेञ्चुरी, प्रकाश पौडेल, दानबहादुर बानियाँ, रणबहादुर थापा, सुरेन्द्रमानसिंह भण्डारी, अर्जुन गिरी र झलकप्रसाद बराल निर्विरोध भएका छन् ।

पोखरा वडा नम्बर २४ बाट ओम सुवेदी, वडा नम्बर २५ बाट केशवशरण पौडेल, वडा नम्बर ३२ बाट महेश्वर पौडेल र वडा नम्बर ३३ बाट शिवप्रसाद आचार्य निर्विरोध भएका छन् । निर्वाचन मण्डलले भूगोलतर्फ ६० सदस्यका लागि पोखरा महानगरका ३३ वडाबाट ३३ जना निर्वाचित हुने व्यवस्था गरेको छ । महानगरका वडा नम्बर १, ५, ६, ८, १०, १७, २०, २३, २६, २७, २८, २९, ३० र ३१ बाट जिल्ला कमिटीमा प्रतिनिधित्व गर्ने जिल्ला कमिटीका सदस्यका लागि भने निर्वाचन हुने भएको छ ।

जिल्ला कमिटी कास्की सदस्यमा भूगोलतर्फ मादी र रुपा गाउँपालिका प्रतिनिधित्व गर्ने सबै निर्विरोध भएका छन् । मादीबाट १ महिला र ५ खुलासहित ६ जना निर्विरोध भएका छन् । रुपाबाट १ महिलासहित खुला ३ सहित ४ जना निर्विरोध भएका छन् । माछापुच्छ्रे गाउँपालिकामा ४ खुला र १ महिला गरी ५ जिल्ला कमिटीमा निर्वाचित हुने छन् । अन्नपूर्णबाट ६ जना निर्वाचित हुनेमा ५ खुला र १ महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको छ । माछापुच्छ्रे र अन्नपूर्णमा सर्वसम्मत हुन नसकेपछि मंगलबार मतदान हुने कार्यक्रम छ ।

अध्यक्ष मण्डलका अध्यक्ष जगतबहादुर विश्वकर्माका अनुसार १ सय २० सदस्यीय जिल्ला कमिटी निर्वाचनका लागि भूगोल, समावेशिता र खुला निर्वाचन क्षेत्र निर्धारण गरिएको छ । पदाधिकारी ५, भूगोलबाट ६०, समावेशिताबाट ४३, खुलातर्फ १२ गरी १ सय २० निर्वाचित हुने छन् । समावेशीतातर्फ ३० महिला निर्वाचित हुने व्यवस्था मिलाइएको छ । समावेशीतातर्फको महिला जनजातिका ६ पदका लागि १५, दलित ५ पदका लागि ९ खसआर्य ६ पदका लागि १६ जनाको उम्मेद्वारी परेको छ । महिला अल्पसंख्यकतर्फ १ पदका लागि सरिता कुमाल, र महिला अपांग १ पदको लागि शोभा पौडेल निर्विरोध भएका छन् ।

खुला महिलातर्फ ११ पदका लागि २६ जनाले प्रतिस्पर्धा गरेका छन् । महिलाले समेत प्रतिस्पर्धा गर्न पाउने समावेशीता खुलातर्फ दलित ५ पदका लागि १९, जनजाति ५ पदका लागि १५, अल्पसंख्यक २ पदका लागि ६ जनाको उम्मेद्वारी परेको छ । समावेशीतातर्फ १३ जना जिल्ला कमिटीमा निर्वाचित हुने व्यवस्था अनुसार अपांग खुलातर्फ २ पदका लागि ४ जनाको उम्मेद्वारी परेको प्रमुख निर्वाचन अधिकृत थापाले बताए ।

सबै प्रतिनिधिले प्रतिस्पर्धा गर्न पाउने खुला सदस्यमा १२ पदका लागि हुने निर्वाचनमा ६० जनाको उम्मेद् वारी परेको छ । खुला सदस्यका लागि एकमात्र महिला पुष्पा घले पहारीको उम्मेद्वारी परेको छ ।

बुद्धिजीवी विशेष इलाकाबाट १ महिला र १ खुला पदमा दुबै निर्विरोध भएका छन् । विद्यार्थी इलाकाबाट १ उम्मेद्वार निर्विरोध भइसकेका छन् । मजदुरतर्फ खुलातर्फ २ पदका लागि ४ जनाको उम्मेद्वारी परेको छ भने महिलातर्फ पम्फा पहारी निर्विरोध भएकी छन् ।

अध्यक्षका लागि मनबहादुर गुरुङ र दामोदर बैरागीको मनोनयन दर्ता भएको छ । उपाध्यक्षका लागि तेजनारायण अधिकारी र प्रभा कोइराला, सचिवका लागि बैनबहादुर अधिकारी क्षेत्री र विष्णुबहादुर केसीको उम्मेद्वारी परेको छ । उपसचिव २ पदका लागि दर्शन लामा, नवराज ओझा, मनभुजा विक, सुनकुमारी भुजेल र इमानराज पौडेलको उम्मेद्वारी परेको छ ।

## आहा रारा गोल्डकप
# लिगका शीर्ष ६ टिमसहित १० क्लबको प्रतिस्पर्धा

**अभिषेक अधिकारी**
पोखरा, २६ पुस



आउँदो माघ ६ गतेदेखि हुने आहा रारा गोल्डकप फुटबल प्रतियोगितामा ए डिभिजन लिगका शीर्ष ६ सहित १० टिमको सहभागिता हुने भएको छ । शीर्ष ६ सहित ८ टिम जारी लिग खेलिरहेका क्लब हुनेछन् । आयोजक आयोजक सहारा क्लबको आफ्नै एउटा टिम र अमेरिकाबाट भुटनिज युथ स्पोटर्स क्लबको सहभागिता रहने जानकारी क्लबका महासचिव रामजीप्रसाद अधिकारीले दिए ।

सहभागिताका लागि आउन लागेको लिगको तेस्रो स्थानमा रहेको संकटा आहा रारा गोल्डकपको डिफेन्डिङ च्याम्पियनसमेत हो । अर्को सहभागी टिम ६ पटक उपाधि उचालेको मनाङ मर्स्याङ्दी लिगको दोस्रो स्थानमा छ । लिगमा पहिलो स्थानमा रहेको मछिन्द्र क्लब, विभागीय टोली त्रिभुवन आर्मी क्लब र पाँचौंपटकको आहा रारा च्याम्पियन श्री स्टार क्लब पनि यसपालिको प्रतिस्पर्धामा आउँदैछ । श्री स्टार लिगको पाँचौं स्थानमा छ । छैटौं स्थानमा रहेको हिमालयन शेर्पा क्लब पनि आहा रारामा आउँदैछ ।

नेपाल पुलिस क्लब आहा राराको उपाधि पाँचपटक उचालिसकेको छ । क्याराभ्यान कप नाम दिइएको पहिलो संस्करण पनि पुलिसले नै जितेको थियो । पुलिसले आहा रारामा नै लगातार ३ पटक उपाधि उचालेको थियो । तर विगतको समयमा पुलिसको खेलमा ह्रास आएको छ । जारी ए डिभिजन लिगमा समेत १४ टिममध्ये नेपाल पुलिस क्लब ११ औं स्थानमा छ । अर्को टिम नेपाल एपिएफ क्लबले दुईभन्दा बढी फाइनलको यात्रा तय गरेता पनि आहा राराको उपाधि जित्न सकेको छैन ।

सहाराले आउँदो शुक्रबारसम्म आफ्नो टिम तयार गर्ने बताएको छ । हाल सहाराले एकेडेमीका ८ सहित देशभरका २६ खेलाडीलाई आफ्नो बन्द प्रशिक्षणमा राखेको क्लबका अध्यक्ष हरिराम गुरुङ 'सुरज'ले बताए । एकेडेमीका २ खेलाडी ताप्लेजुङका अनिश लिम्बु र कास्की निर्मलपोखरीका अभिषेक राना हाल नेपाल आर्मीको फुटबल टिमको ट्रायलमा रहेकाले उनीहरु सहाराबाट खेल्ने नखेल्ने शुक्रबार नै टुंगो लाग्ने अध्यक्ष गुरुङले जनाए । यी दुवै खेलाडी १९ वर्षका हुन् । युवा खेलाडीका साथ मैदानमा उत्रने तयारी रहेको आयोजक सहारा प्रतियोगिताकै अन्डरडग टोली देखिन्छ ।

विदेशी टिम स्वरुप प्रतियोगितामा अमेरिकी टिम भुटनिज युथ स्पोटर्स क्लब को सहभागिता रहने महासचिव रामजीप्रसाद अधिकारीले जानकारी दिएका छन् । उक्त टिमको प्रशिक्षक नेपालका पूर्व राष्ट्रिय खेलाडी प्रलयराज भण्डारी छन् । अमेरिकामा आयोजित २०२१ को एकेडेमी डिभिजनको खेलमा भुटनिज टिम विजेता रहेको आयोजक सहाराले बताएको छ ।

कोभिड १९ को तेस्रो लहर सुरु हुन लाग्दा आहा रारा गोल्ड कप के हुने भन्ने अन्योलसमेत छाएको छ । यसबीचमा सरकारले २५ जनाभन्दा बढी भेला हुन नदिने निर्णय गरिसकेको छ । तर पोखरा रंगशालाको सिट क्षमताभन्दा कम दर्शक राखी सामाजिक दुरी कायम गरेर प्रतियोगिता आयोजना गर्न सकिने उपायको खोजी भइरहेको छ । यसबारे जिल्ला प्रशासनले अनुमति दिनुपर्छ । त्यही अनुमतिको पर्खालमा आयोजक सहारा छ ।

प्रतियोगिताको पुरस्कार र ट्रफी

प्रतियोगितामा व्यक्तिगत उपाधितर्फ उद्योगपति सूर्यबहादुर केसीको स्मृतिमा ५ विधामा उत्कृष्ट खेलाडीलाई ट्रफी र नगद सहित सम्मान गरिने आयोजक सहाराले बताएको छ । जसमध्ये प्रत्येक खेलको म्यान अफ दि म्याच र बाँकी सबै फाइनल खेलको दिन प्रतियोगिता अवधिभरका उत्कृष्ट मिड फिल्डर, डिफेन्स, फरवार्ड र सर्वाधिक गोलकर्तालाई नगद र ट्रफीका साथ सम्मान गरिने आयोजक सहाराले बताएको छ । सम्पूर्ण ट्रफी सहारा युकेले बेलायतमै तयार गरी सहारा पोखरालाई हस्तान्तरण गरिसकेको अध्यक्ष गुरुङलाई बताए ।

प्रतियोगिताको उत्कृष्ट खेलाडीले अप्रिला स्कुटर, ट्रफी र नगद पुरस्कार प्राप्त गर्नेछन् । उत्कृष्ट खेलाडीले प्राप्त गर्ने धनराशिमध्ये ५० हजार नगद हङकङ निवासी देव गुरुङले सहारालाई उपलब्ध गराएको आयोजक समितिले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको छ । सहाराले नगद व्यक्तिगततर्फ उत्कृष्ट खेलाडीलाई नगदले समेत सम्मान गर्ने भए पनि कति नगदले सम्मान गरिने खुलाएको छैन । पत्रकार सम्मेलनमा प्रतियोगिताको प्रायोजक संस्था हिमश्री फुड्सका निर्देशक किरण केसी र प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज गुरुङले शुभकामना व्यक्त गरे ।

# विद्यालयहरु १५ माघसम्म बन्द गर्ने निर्णय



पोखरास्थित यातायात व्यवस्था कार्यालयमा सवारी चालक अनुमतिपत्रका लागि लामबद्ध सर्वसाधारण। तस्वीर : रासस

**समाधान संवाददाता**
पोखरा, २६ पुस

संघीय शिक्षा मन्त्रालयले कोरोना महामारीको जोखिम बढेको भन्दै आगामी माघ १५ गतेसम्म विद्यालय बन्द गर्ने निर्णय गरेको छ ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले आगामी माघ १५ गतेसम्म विद्यालय बन्द गर्ने सिसिएमसीको निर्णय कार्यान्वयनमा पठाउने भएको हो । मन्त्रालयमा सोमबार बसेको बैठकले कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसी) ले गरेको सिफारिस कार्यान्वयनमा पठाउने निर्णय गरेको शिक्षा मन्त्रालयका सहसचिव तथा प्रवक्ता दीपक शर्माले जानकारी दिए ।

गण्डकी प्रदेश सरकारले कोरोना भाइरस संक्रमण रोक्थाम, नियन्त्रण गर्न स्मार्ट लकडाउनको प्रक्रिया अवलम्बन गर्ने भएको छ । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको संयोजकत्वमा रहेको उच्चस्तरीय निर्देशक समितिको सोमबार बसेको बैठकले कोभिड संक्रमण कार्यविधि २०७८ कार्यान्वयनलाई थप प्रभावकारी बनाउन जिल्ला संकट व्यवस्थापन समिति र स्थानीय तहरुलाई निर्देशन दिने निर्णय गरेको हो ।

यसअघि सरकारले नेपालभर कोरोनाको दोस्रो लकडाउनमा स्मार्ट लकडाउन प्रयोगमा ल्याएको थियो । मुख्यमन्त्री पोखरेलको संयोजकत्वमा बसेको बैठकले प्रदेशमा सबै प्रकारका भेला, मेला, महोत्सव नगर्न नगराउन आह्वान गरेको छ । बैठकले माघ ७ गतेदेखि सार्वजनिक कार्यालय, होटल, रेस्टुरेन्ट, सिनेमा हल, रंगशाला, हवाई यात्रा, पार्क प्रवेश गर्न कोभिड - १९ विरुद्धको खोपको कार्ड अनिवार्य गर्ने निर्णय गरेको छ ।

बैठकले सार्वजनिक सवारी साधनमा यात्रा गर्ने चालक, सहयोगी र तोकिएको सिट क्षमता बमोजिमका यात्रुहरुका लागि मास्क अनिवार्य गर्ने निर्णयसमेत गरेको छ । 'संक्रमणदर बढ्दै गएको अवस्थामा हिँड्डुल गर्दा वा स्वास्थ्यका मापदण्डहरुको पूर्णरुपमा पालना गर्ने सबैमा अनुरोध गर्ने,' बैठकको निर्णयमा भनिएको छ ।

**प्रदेशमा स्मार्ट लकडाउन कार्यविधि ब्युँत्याइने**

बैठकले प्रदेशबासीलाई जनचेतना अभिवृद्धि गर्न, प्रदेशमा उपकरणको व्यवस्थापन छिटो छरितो माध्यबाट खरिद तथा आफूर्ति व्यवस्थापन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय गरेको छ ।

'प्रदेशमा प्रवेश गर्ने जिल्ला नाका, मुख्यनाकाहरु तनहुँको आँबुखैंरेनी, स्याङ्जाको रामदी, नवलपरासी पूर्वको विनय त्रिवेणीमा निगरानी गर्ने,' निर्णयमा भनिएको छ, 'सार्वजनिक स्थलहरुमा निशुल्क एन्टिजिन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउनु साथै पोजेटिभ देखिएकालाई संस्थागत आयसोलेसन हेल्डिङ सेन्टरका सम्बन्धित जिल्ला संकट व्यवस्थापन समितिले समन्वय गर्ने व्यवस्था मिलाउने ।'

गण्डकी प्रदेश सरकार, स्वास्थ तथा जनसंख्या मन्त्रालय मातहतको स्वास्थ्य प्रवर्द्धन तथा निगरानी केन्द्र आँबुखैंरेनीको थप व्यवस्थापनका लागि तल्लो मर्स्याङ्दी जलविद्युत कार्यालयको जग्गा प्रयोग लागि नेपाल विद्युत प्राधिकरणलाई अनुरोध निर्णय गरेको छ । प्रदेशभर रहेका आइसोलेसन केन्द्रलाई क्रियाशील बनाउने बैठकको अर्को निर्णय छ ।




## सम्पादकीय

# पृथ्वीनारायणको मूल्यांकन

गोरखाबाट राज्य विस्तार गर्दै नेपालको भौगोलिक एकीकरणको जग राख्ने पृथ्वीनारायण शाहका सन्तान राजगद्दीबाट हटेको करिब डेढ दशक भएको छ । दोस्रो जनआन्दोलनअघिसम्म सार्वजनिक बिदासहित भव्य रुपमा मनाइने पृथ्वी जयन्ती तथा एकता दिवस राज्यले मनाउन छाडेको छ । जनस्तरमा मनाउने र विरोध गर्ने दुबै काम भइरहेका छन् । अरु बेला खासै बहस नहुने पृथ्वीनारायण शाहको योगदानबारे पुस २७ मा भने चर्चा हुन्छ । नेपाल अहिले जुन भूस्वरुपमा छ, त्यो रुपमा लैजान उनको योगदान थियो वा थिएन, उनको योगदानको सम्मान गर्नुपर्छ कि पर्दैन भन्ने विषयमा राज्यले औपचारिक रुपमा निर्णय गरेको छैन । नेपाल कुनै बेला करिब सय राज्यमा विभाजित थियो, कुनै बेला जहानियाँ राणाशासन थियो, कुनै बेला कु भयो । यी इतिहासका काला खण्ड थिए । इतिहासका राम्रा हुन् वा नराम्रा दुवै खालका घटनाक्रमलाई हटाउन मिल्दैन । कसैले चाहेर यसलाई बंग्याउन र तोडमोड गर्न पनि सक्दैन । देश संघीय लोकतान्त्रिक गणतन्त्रमा गए पनि इतिहासमा देशका लागि उल्लेख्य योगदान गर्ने सपुतहरुको योगदानलाई नजरअन्दाज गर्न मिल्दैन ।

दोस्रो जनआन्दोलनताका शाहका शालिक तोडिए, उनीविरुद्ध पनि चर्चा नारा लागे । दोष थियो त ज्ञानेन्द्र शाह र तत्कालीन सरकारको । आन्दोलनकारी पृथ्वीनारायणमाथि आक्रोशित बने । चोक, गल्ली, संस्थानहरुको नाम फेरियो, नयाँ शालिकहरु रातारात राखिए । नाम र शालिक फेरिए पनि जनअपेक्षा अनुरुप कार्यशैली फेरिएन, बरु भद्रगोल बन्दै गयो । यसले शाहको शालिक भत्काउने काम बुद्धिमतापूर्ण थिएन भन्ने पुष्टि गर्छ । 'घूस लिन्या र दिन्या दुबै देशका बैरी हुन्' भन्ने पृथ्वीनारायण शाहको दिव्योपदेश निकै दूरदर्शी र परपक्व खालको देखिन्छ । इतिहासमा उल्लेख भए अनुसरको उनको शासन प्रणाली र काम हटाएर नेपाल राज्यको न कल्पना हुन्छ, न समृद्धि ।

पृथ्वीनारायण शाह विस १७७९ पुस २७ मा गोरखाको राजपरिवारमा जन्मेका थिए । २० वर्षकै कलिलो उमेरमा राजा बनेका उनले आफ्नो जीवनकालका झन्डै ३० वर्ष युद्धमै बिताए । पृथ्वीनारायणकै कारण एकात्मक शासन प्रणालीले देशमा विकास हुन सकेन, जातिजातिलाई पछि पारियो भन्ने तर्कमा खासै दम देखिन्न । उनको त सबैजसो जीवन युद्धमै गएको थियो । मान्छे सर्वगुण सम्पन्न हुँदैन, केही मानवीय कमजोरी हुन्छन् नै । पृथ्वीनारायण शाहलाई न भगवान जसरी पुज्न जरुरी छ, न एकात्मक राज्य बनाउने, देशको सर्वांगीण विकासको बाधक खालको संरचना बनाएको आरोप लगाउन मिल्छ । तथ्य, प्रमाण र इतिहासका आधारमा उनको योगदानको मूल्यांकनले नै हामीले इतिहासलाई न्याया गरेको ठहर्छ ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं, हेमन्तर्तुः, राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल पौष २८ गते बुधबार नेपालसम्बत ११४२ पोहेलाथ्व, सन् २०२२ जनवरी १२ तारिक शुक्लपक्ष दशमी तिथि साँझ ६ बजेर ४४ मिनेटसम्म, भरुणी नक्षत्र अपरान्ह ४ वजेर २१ मिनेटसम्म, साध्ययोग, गरकरण, आनन्दादियोग काण, सूर्य धनु राशिमा, चन्द्रमा राती २२ वजेर ५४ मिनेटसम्म मेष उप्रान्त वृष राशीमा ।

## राशिफल



वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ▪ शारीरिक एवं मानसिक स्फूर्ति बढ्ने,आय बढ्ने ।
- **वृष** ▪ प्रतिकुलता बढ्ने, इच्छा विपरित काम हुनेछन् ।
- **मिथुन** ▪ काम गर्ने जोश जागर घट्ने छैन,उन्नति प्रगति ।
- **कर्कट** ▪ रोकिएका काम बन्ने, थेर थोर कामबाट लाभ ।
- **सिंह** ▪ काममा सोचे जस्तो प्रगति हुने छैन, तनाव घट्ने ।
- **कन्या** ▪ स्वास्थ्य कमजोर, धनको क्षय, विश्वासमा धोका ।
- **तुला** ▪ नयाँ कामको प्रस्ताव, यात्राको योग, प्रेम आशक्ति ।
- **वृश्चिक** ▪ विजय,मेहनत अनुसारको प्रतिफल मिल्नेछ ।
- **धनु** ▪ समयमा सोच विचार गरेर निर्णय लिनु होला ।
- **मकर** ▪ मनमा नानाथरिका कुरा खेल्ने, फजुल खर्च बढ्नेछ ।
- **कुम्भ** ▪ आत्मविश्वास बढ्ने, व्यापारबाट आम्दानी हुनेछ ।
- **मीन** ▪ प्रयत्न सफल आर्थिक कारोवारमा ध्यान दिनु होला ।

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

# जलवायु परिवर्तनमा आगामी एजेन्डा के ?



डा महेश्वर ढकाल

८० वर्षपछि २१औं शताब्दीको अन्त्य भइसकेको हुनेछ । त्यतिबेलासम्म नेपालको जनसंख्यामा करिब २ करोड ५० लाखको हाराहारीमा संकुचन हुने अनुमान छ । जुन हालको भन्दा करिब ५० लाखले कमी हो । जनसंख्या घटे पनि नेपालीको आयु भने बढेर लामो हुने अनुमान छ । सन् २०२२ लाई आधार वर्ष मान्दा अहिले नेपालमा करिब १० प्रतिशत जनसंख्या मात्र अर्काको कमाइमा बाँच्नुपर्ने अवस्था छ । सन् २०८० मा पुग्दा बुढ्यौली जनसंख्यामा वृद्धि हुनेछ । करिब ५० प्रतिशत बुढ्यौली जनसंख्या बाँकी जनसंख्याको कमाइमा निर्भर पर्नुपर्ने हुन्छ । यो क्रम २१औं शताब्दीको अन्त्यसम्ममा पुग्दा अझ बढ्नेछ । ६२ प्रतिशत जनसंख्या बाँकी जनसंख्याको कमाइमा बाँच्नु पर्ने हुन्छ । ८० वर्षभन्दा बढी समय बाँच्ने अहिलेको जनसंख्या र आजभन्दा पछि जन्मने जनसंख्याले मात्र २२औं शताब्दीको वास्तविक जीवनको अनुभूति गर्न सक्नेछन् । त्योभन्दा अगाडिको जनसंख्याले त्यसपछि के होला भनेर केवल अनुमान मात्र गर्ने हो ।

हाल ुत गतिमा भएको प्रविधि विकासले मानिसलाई प्रगतिको पथमा लम्कन कामकाजी त बनाएको छ । मानव जातिको सामाजिक मूल्य र मान्यतालाई धेरै हदसम्म खस्काउँदै लागेको पनि महसुस हुन थालेको छ । अमेरिका, युरोप र जापानजस्ता विकसित राष्ट्रलाई आर्थिक विकास र प्रविधि माथिको नियन्त्रण कायम गर्न हम्मे परेको देखिन्छ । हाल मध्यम आम्दानी भएका र जनसंख्याको मुख्य अंश लिएर बसेका चीन, भारत, ब्राजिल, इन्डोनेसिया, दक्षिण अफ्रिका, भियतनाम, पाकिस्तान र बंगलादेशजस्ता राष्ट्रको आर्थिक समृद्धि र प्रविधि माथिको पहुँच र नियन्त्रण बढेर जाने निश्चित छ । आगामी दिनमा विश्वमा हुने वस्तु र सेवाको उत्पादन, उपभोग र व्यापार यिनै देशमा केन्द्रित हुनेछ । अर्थात् यी राष्ट्रहरू नै भोलिका कार्बन उत्सर्जन गर्ने राष्ट्र हुनेछन् भनेर भन्न त्यति गाह्रो छैन । अझ जनसंख्याको आधारमा पहिलो र दोस्रो स्थानमा रहेका चीन र भारतले जनसंख्यामा पहिलो राष्ट्र हुन प्रतिस्पर्धा छन् । साथै वायुमण्डलमा हुने कार्बन उत्सर्जन गर्नमा क्रमश: पहिलो र तेस्रो स्थानमा रहेका चीन र भारतले सबैभन्दा बढी कार्बन उत्सर्जन गर्ने पहिलो राष्ट्रका लागिसमेत प्रतिस्पर्धा गर्नेछन् ।

चीन र भारतको बीचमा रहेर अतिकम विकसित राष्ट्रको सूचीमा रहेको नेपालले आगामी दिनमा जलवायु परिवर्तनको एजेन्डामा कस्तो रणनीति बनाउनु पर्ला ? सोचिएन भने ८० वर्षपछिका सन्ततिले अहिलेको पुस्तालाई प्रश्न गर्ने छन्, धिक्कार्ने छन् । जलवायु परिवर्तनका एजेन्डामाथि राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा भएका विकसित राष्ट्रका बहसका प्रकृति र प्रवृत्ति हेर्दा जलवायु परिवर्तनको विषय भनेको अरूलाई मन फुकाएर अर्ती उपदेश दिने विषय हो । तर, आफूले भने जे गरे पनि हुन्छ जस्तो देखिन्छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मापदण्डलाई पालना गर्नमा विकसित र बढी कार्बन उत्सर्जन गर्ने राष्ट्र त्यति इमान्दारीपूर्वक लागेको पाइँदैन । सबै राष्ट्रले कार्बन उत्सर्जन गर्न आह्वान त गरेका छन् । आफू र आफ्नो देशले उत्सर्जन घटाउने सम्बन्धमा कि मौन देखिन्छन् कि त तिनको उत्सर्जन न्यूनीकरण गर्ने गति धिमा छ । ती राष्ट्रले कार्बन उत्सर्जन न्यूनीकरण गर्न गरेको प्रतिबद्धता पेरिस सम्झौताको लक्ष्य प्राप्त गर्नमा सहयोगी छैनन् । जसको प्रमाण पेरिस सम्झौतामा नेपालसँगै हस्ताक्षर गरेको चीनले सन् २०६० मात्र कार्बन न्युट्रल गर्ने भनेको छ । भारतले भने अझ १० वर्षपछि सन् २०७० मा मात्र गर्ने भनेको छ ।

नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले भने सन् २०२० को डिसेम्बर १४ मा संशोधित एनडीसी संयुक्त राष्ट्रसंघमा पेस गर्दै सन् २०५० सम्ममा नेपाललाई कार्बन न्युट्रल राष्ट्र बनाउने प्रतिबद्धता जनाएका थिए । दुई महिना अगाडि बेलायतको ग्लासको सहरमा आयोजना भएको २६औं जलवायु सम्मेलनमा वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा उपस्थित भएर सन् २०४५ अर्थात् यसभन्दा अगाडि गरिएको प्रतिबद्धता भन्दा पाँच वर्ष अगाडि नै नेपाललाई कार्बन न्युट्रल राष्ट्र बनाउने प्रतिबद्धता जनाए । जुन आफैंमा सराह्रनीय छ । तर, महत्त्वाकांक्षी प्रतिबद्धता पूरा गर्न सरकारले के, कस्तो नयाँ नीति र रणनीति बनाएको छ ? संस्थागत संरचना के कस्ता छन् ? त्यसका लागि के कस्ता कार्यक्रम छन् ? छुट्टै बहस र छलफल गर्नुपर्ने हुन्छ । अहिलेको प्राथमिकता भनेको नेपालले जलवायु परिवर्तनको एजेन्डामा छलफल, बहस, पैरवी र सम्झौता गर्दा छिमेकीको दाँजोमा कसरी पाइला चल्ने भन्ने नै हो ।

सन् २०१८ र २०१९ मा आईपीसीसीले प्रकाशित गरेका तीनवटा विशेष प्रतिवेदन तथा आईपीसीसीको छैटौं प्रतिवेदनको पहिलो कार्यसमूहले केही तथ्य र तथ्यांक औंल्याएका छन् । तिनलाई केलाएर हेर्ने हो भने आगामी दिनमा नेपालले जलवायु परिवर्तनको एजेन्डालाई दुई किसिमले पाइला चाल्नुपर्ने हुन्छ ।

> **अहिले नै चीन विश्वमा सबैभन्दा बढी कार्बन उत्सर्जन गर्ने राष्ट्र हो भने भारत विश्वमा तेस्रो, चीन र भारत क्रमशः विश्वमा सबैभन्दा बढी कार्बन उत्सर्जन गर्ने राष्ट्र हुन् ।**

पहिलो, हिजो औद्योगिक युगमा अत्यधिक कार्बन उत्सर्जन गर्ने अमेरिका, क्यानडा, युरोपेली राष्ट्र समूह र जापानलगायतका राष्ट्रहरूलाई कार्बन उत्सर्जन न्यूनीकरण गर्न समयसीमा तोकेर बाध्य पार्नेछ । त्यसका लागि अति कम विकसित राष्ट्रहरूको समूह, साना सामुद्रिक राष्ट्रहरूको समूह र जी-७७ तथा चीनलगायतका राष्ट्रसँग मिलेर काम गर्नुपर्ने हुन्छ । दोस्रो, हिजोमाथि भनिएका विकसित राष्ट्रले जुन दर र मात्रामा कार्बन उत्सर्जन गरे, त्यसका कारणबाट नेपालजस्ता अति कम विकसित राष्ट्र जलवायु परिवर्तनका जुन जोखिम र मारमा परेका छन् । उनीहरूलाई ती जोखिमबाट बचाउन र अनुकूलित अर्थात् उनीहरूको उत्थानशील हुने क्षमता वृद्धि गर्न जलवायु वित्तको प्रशस्त सुनिश्चित गर्ने गरी विकसित राष्ट्रलाई दबाब दिनुपर्ने हुन्छ । तर २६औं कोपको निर्णयलाई विश्लेषण गर्ने हो भने माथिका दुवै दायित्वबाट इतिहासमा अत्यधिक कार्बन उत्सर्जन गर्ने विकसित राष्ट्र चिल्ला भाषण गरेर उम्कन खोजेको सहजै अनुमान गर्न सकिन्छ ।

नेपालले जलवायु परिवर्तनको एजेन्डामा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा छलफल र बहस गर्दा तथ्य र तथ्यांकको आधारमा सूक्ष्म रूपमा विश्लेषण गर्नुपर्ने हुन्छ । अहिले विश्वका सबै राष्ट्रले सहमति गरेको पेरिस सम्झौता विभिन्न समयमा वैज्ञानिकहरूले गरेका अनुसन्धानमा आईपीसीसीले विश्लेषण गरी दिएका सिफारिस र सुझावलाई आधार मानेर तयार गरिएको हो । जुन दस्तावेज तयार गर्दा लिएको आधार बिन्दु भनेको औद्योगिक युग अर्थात् सन् १८५० को हाराहारीको समय, आजभन्दा करिब १ सय ७० वर्ष अगाडिको अवस्था हो । जतिबेला पृथ्वीको तापक्रम औसतमा १.५ डिग्री सेल्सियस रहेको अनुमान छ । यदि आजभन्दा १ सय ७० वर्ष अगाडि नेपालबाट करिब ८ हजारदेखि १२ हजार किमि टाढा रहेका क्यानडा, संयुक्त राज्य अमेरिका र युरोपेली देशहरूले गरेको कार्बन उत्सर्जनबाट हाम्रा हिमाल पग्लिएका हुन् भन्ने हाम्रो बुझाइ हो । करिब एक सयदेखि एक हजार किमि नजिकको दूरीमा रहेका छिमेकी भारत र चीनले गरेको कार्बन उत्सर्जनबाट हाम्रो भविष्य कस्तो होला ? जबकि अहिले नै चीन विश्वमा सबैभन्दा बढी कार्बन उत्सर्जन गर्ने राष्ट्र हो भने भारत विश्वमा तेस्रो, चीन र भारत क्रमश: विश्वमा सबैभन्दा बढी कार्बन उत्सर्जन गर्ने राष्ट्र हुन् । धेरै जनसंख्या भएका क्रमश: पहिलो र दोस्रो राष्ट्र पनि हुन् । चीन विश्वको दोस्रो धनी राष्ट्र हो भने भारत पाँचौं धनी राष्ट्र पनि । यी दुवै देशमा भौतिक विकास र आर्थिक वृद्धिले तीव्र गति लिएको अवस्था छ । यी र यस्तै राष्ट्रका कारण पछिल्लो दुई दशक (२०२१-२०२०) मा मात्र पृथ्वीको सतहको तापक्रम १.१ डिग्री सेल्सियस बढेको तथ्य आईपीसीसीले गत अगस्टमा प्रकाशित गरेको छैटौं प्रतिवेदनको पहिलो कार्यसमूहको प्रतिवेदनमा छ । जनसंख्या वृद्धिसँगै आउँदा वर्षहरूमा भारत र चीनजस्ता मध्यमस्तरीय आम्दानी भएका देशमा प्राकृतिक स्रोतको दोहन अझ बढ्नेछ । वस्तु र सेवाको माग मात्र बढेर जाने छैन । यी देशमा औद्योगिक उत्पादन र व्यापार अझ ुतगतिमा बढ्नेछ । यसको सिधा असर हाम्रा हिमालमा पर्नेछ । हिमालमा हिउँ पग्लने गतिमा वृद्धि हुनेछ । नदीमा पानीको मात्रा क्रमश: कम हुँदै जानेछ । असर एकातिर खानेपानी, सिँचाइ, जलविद्युत् र जल यातायात पर्नेछ भने अर्कोतिर पानी र जमिनमा रहेका जैविक विविधतामा समस्या आउनेछ । पारिस्थितिकीय प्रणालीहरू खल्बलिने छन् । धेरैभन्दा धेरै वनस्पति र वन्यजन्तु लोप हुनेछन् । क्रमश: खाद्य सुरक्षामा संकट आउनेछ । एउटा मान्छेले अर्को मान्छेलाई हेर्ने दृष्टिकोणमा फरक पर्नेछ । अर्थात् मानवताको मर्म नै मरेर जान सक्ने सम्भावना छ ।

**नेपालको एजेन्डा के हुने र के गर्ने ?**

जलवायु परिवर्तनका दुईवटा आयाममध्ये नेपालका लागि कार्बन उत्सर्जन न्यूनीकरणको तुलनामा जलवायु अनुकूलन नै प्राथमिकताको क्षेत्र हुनुपर्छ, त्यसमा दुईमत नै छैन । कार्बन उत्सर्जन न्यूनीकरण गर्न हेल्चेक्र्याइँ गरियो भने भविष्यमा अनुकूलन हुन लाग्ने खर्चको मूल्य चर्को पर्नेछ । नेपाल पहाडी क्षेत्रफल बढी भएको, जनसंख्याको प्रमुख अंश कृषिमा आधारित रहेको, उद्योगधन्दाले खासै गति नलिएको, वस्तुको उत्पादनमा भन्दा उपभोगमा बढी रुचि भएको मुलुक हो । जसका कारण हरेक वर्ष आयात बढ्दै जाँदा व्यापार घाटा बढ्दो अवस्थामा रहेको, अर्काको देशमा रोजगारी खोज्नु परेको, अर्थतन्त्रको प्रमुख आधार विप्रेषण भएको र पुँजी पलायन समस्या रहेको मुलुक हुनेछ । जसमा जलवायु परिवर्तनको एजेन्डाले प्राथमिकता पाउने कुरै भएन । औद्योगिक विकासका लागि निजी क्षेत्रलाई हेर्ने सरकारी दृष्टिकोण त्यति सकारात्मक नभएको अवस्था नेपालमा छ । निजी क्षेत्र पनि जलवायु परिवर्तनका सम्भावित जोखिमप्रति न त सचेत छ न इमान्दार नै देखिन्छ । यसका लागि चुरेलगायतका क्षेत्रमा निजी क्षेत्रले गरेको ढुंगा, गिटी र वालुवाको दोहन र विभिन्न नदीमा बनाएका जलविद्युत् आयोजनालाई मात्र हेरे हुन्छ ।

जलविद्युत् र जलवायु परिवर्तनको विषयमा छलफल गर्दा नेपालका वनलगायतका प्राकृतिक स्रोत मुख्य गरी नदी प्रणालीका प्राकृतिक प्रक्रियामा दक्खल नपुर्‍याइ स्रोतको उपयोग गर्ने परिपाटीको विकास गर्नुपर्ने हुन्छ । नेपाल वन स्रोतमा धनी भए पनि खासमा लाभ लिन सकेको अवस्था छैन । हामीले समुदायमा आधारित वन व्यवस्थापन प्रणालीमा गर्व त गरेका छौं, तर जनताको वन माथिको निर्भरता ह्वात्तै घटेर गएको छ । पातपतिंगर वन डँढेलोबाट नष्ट भएका छन् भने काठ दाउरा निकाल्न नसक्दा र नचाहँदा वनमा नै कुहिएर र मक्किएर गएका छन् । करिब ४५ प्रतिशतको हाराहारीमा वन क्षेत्र छ भनेर राष्ट्रिय र अन्तर्राष्ट्रिय सभा सम्मेलनमा गर्व गरिरहँदा काठ मलेसियाबाट र फर्निचर चीनबाट आयात भइरहेको छ । राज्यको अर्थतन्त्र क्रमश: धराशायी हुनेछ भने प्रकृतिको महत्त्व समेत घटेर जानेछ । वन र जैविक विविधता, कृषि र खाद्य सुरक्षा, प्रकृतिमा आधारित पर्यटन र सफा ऊर्जा तथा जलस्रोतको क्षेत्रमा आधारित अनुकूलनका उपाय खोज्नुपर्ने हुन्छ ।

नेपालले प्रकृति संरक्षणमार्फत सञ्चय गरेको कार्बनको हिसाबकिताब राख्न ढिलो भइसकेको छ । नेपालको वन क्षेत्रले प्रशस्त कार्बन सञ्चित गरेको र त्योभन्दा बढी निजी जग्गामा रहेको कृषि वन क्षेत्रले कार्बन सञ्चिति गरेको अनुमान छ । तर अहिलेसम्म हामीसँग वन र निजी जग्गामा भएको कृषि वन क्षेत्रमा कति कार्बन छ, त्यसको आधिकारिक आँकडा हामीसँग छैन । सञ्चिति भएको कार्बन हाम्रो मेहनतले भएको र हाम्रो देशमा भएका जलवायुजन्य जोखिम र त्यसबाट भएको धनजनको हानिनोक्सानी विकसित मुलुकले गरेको कार्बन उत्सर्जनको परिणाम हो भन्ने कुरा अन्तर्राष्ट्रिय समुदायलाई बुझाउन सक्नुपर्छ । होइन भने हरित जलवायु कोषलगायतका स्रोतबाट पाउने वित्तीय सहयोग नआउन सक्छ । विकसित राष्ट्रले जलवायु परिवर्तनवापत उपलब्ध गराउने आर्थिक सहयोग गरिब राष्ट्रलाई दिने अनुदान होइन । त्यो त उनीहरूले गरेको फोहोर (कार्बन उत्सर्जन) सफा गर्ने शुल्क हो भनेर पनि बुझाउनु पर्छ ।

जलवायु जोखिमको प्रकृति र प्रवृत्ति बढ्दो छ । वातावरणीय प्रभाव अध्ययनबिना जथाभावी सडक खन्ने स्थानीय सरकार र प्रदेश सरकारको होडबाजीले जलवायुजन्य जोखिम मुख्य गरी बाढी, पहिरो र डुबानको मात्रालाई हरेक वर्ष वृद्धि गर्दै लागेको छ । जसले ठूलो मात्रामा धनजनको हानिनोक्सानी पुर्‍याएको अवस्था छ । हिउँदमा वातावरणीय अध्ययनबिनाका भौतिक पूर्वाधारका कार्यमा योजना तर्जुमा र कार्यान्वयन गर्ने काम हुन्छ । वर्षायाममा त्यही भौतिक पूर्वाधारको कारणबाट उत्पन्न बाढी, पहिरो र डुबानमा परेका जनतालाई हेलिकप्टर चढेर राहत बाँड्ने काम हुन्छ । यस्तो चलन नेपालमा मात्र पाइन्छ । यस्तो प्रवृत्ति विपद्मा परेका पीडितमाथिको खेलवाड नै हो । त्योभन्दा बढी स्रोतको दुरुपयोग र जनता र राज्यप्रतिको बेइमानी पनि हो । यो प्रवृत्ति दिगो विकासका लक्ष्यमा पुग्ने सरकारको योजनाका लागि पनि बाधक छ ।

नेपालमा आजसम्म पनि जलवायु परिवर्तनबारे छलफल र बहस गर्दा सुनेका भरमा र अनुमान गरेर बोल्ने चलन बढी छ । यसो हुनुमा यस क्षेत्रमा न्यून अध्ययन अनुसन्धान हुनु नै हो । आउँदा दिनमा जलवायु परिवर्तन र यसका बहुआयामिक क्षेत्रमा युवा पिँढीलाई अध्ययन अनुसन्धान गर्न दिने अवसरको खोजी गर्नुपर्ने हुन्छ । नेपालका प्राकृतिक स्रोतबाट भारत र चीन मात्र कति लाभान्वित छन् ? भारत र चीनले गरेको कार्बन उत्सर्जनबाट हामी कति मारमा परेका छौं ? भनेर एक एक हजार विद्यार्थीलाई हरेक वर्ष छात्रवृत्तिसहित उच्च शिक्षा पढ्न भारत र चीन पठाउन सक्ने हो भने भविष्यमा उनीहरू नै जलवायु परिवर्तनका विज्ञ भएर निस्किने छन् । अन्तर्राष्ट्रिय सभा, सम्मेलनमा नेपालको तर्फबाट उनैले पैरवी गर्नेछन् ।

नेपालमा अहिले पनि जलवायु परिवर्तनलाई बढी चुनौती र कम अवसरको रूपमा लिने चलन छ । वास्तवमा जलवायु परिवर्तनलाई एजेन्डालाई बढी अवसर र कम चुनौतीको रूपमा बुझ्ने क्षमताको विकास गर्न सक्नु नै आजको आवश्यकता हो । राष्ट्रियस्तरमा जलवायु परिवर्तनका एजेन्डालाई राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले पहिचान गरेका क्षेत्रमा जलवायु अनुकूलन र न्यूनीकरण कार्यक्रम तर्जुमा गर्नुपर्छ । प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र नागरिक समाजसमेतको साथ लिई कार्यान्वयन गर्नुपर्ने हुन्छ । अन्तर्राष्ट्रियस्तरमा जलवायु परिवर्तन र जैविक विविधताको क्षेत्रलाई अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्धको माध्यमको विकास गर्ने गरी जानुपर्ने हुन्छ । जलवायु परिवर्तनलाई साझा एजेन्डाको रूपमा बुझ्ने तर जोखिम न्यूनीकरण तथा अनुकूलन हुन व्यक्तिगत तहमा पहल गर्ने परिपाटीको विकास गर्नुको विकल्प छैन । अन्नपूर्ण पोस्ट डटकमबाट

*(वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका पूर्व प्रमुख ढकाल गण्डकी प्रदेशको वन तथा वातावरण मन्त्रालयमा सचिव थिए)*


## वर्गीकृत विज्ञापन डिस्प्ले

**तु-आवश्यकता**
किचन सेफ- १ जना
कुक- २ जना
कुक हेल्पर- ५ जना
वेटर- ५ जना
डिस वासर- १ जना
ससेज फ्राई हेल्पर- १ जना
सम्पर्क:
९८०४१-२०२७१

**स्कुलको शेयर बिक्रीमा**
काठमाडौंको प्राइभेट स्कुलको शेयर बिक्रीमा छ ।
सम्पर्क:
schoolktm331@gmail.com

**फ्ल्याट पार्टनर चाहियो**
फ्ल्याट शेयर गरी बस्ने पार्टनर चाहियो ।
सम्पर्क:
flatpartner68@gmail.com

**वि.पि. थेरापी एवं अक्युप्रेशर सेन्टर**
पोखरा-२, अर्चलबोट
हाम्रा सेवाहरु: टाउको दुख्ने, ढाड दुख्ने, घुँडा दुख्ने, पेट पोल्ने, कब्जियत, ग्याष्ट्रिक, माइग्रेन, हात खुट्टा गल्ने, झमझमाउने, पिनास, डिप्रेशन, सर्वाइकल, मोटोपन, हाई कोलेष्ट्रोल, युरिक एसिड, दम, ब्लड प्रेसर हाई/लो, मधुमेह, साईटिका एवं प्यारालाईसिस जस्ता समस्याको समाधान सेन्टर एवं घरमा नै आएर ग्यारेन्टीका साथ उपचार गरिन्छ ।
सम्पर्क:
९८४४८-८५२१६

**कर्मचारी आवश्यकता**
१) एकाउन्टेन्ट- १ जना (अनुभवी, कम्प्यूटर जानेको)
२) मार्केटिङ अफिसर-१ (अनुभवी)
३) भ्यान ड्राईभर- १ जना
तलब: आपसी समझदारीमा
सम्पर्क :
लक्ष्मी सिरक प्रा.लि. पोखरा
सम्पर्क नं.: ९८०२८५५४०१

**तु-आवश्यकता**
हेभी ट्रक ड्राइभर- १ हेल्पर-१
लाइट ड्राइभर- १ जना (३ वर्षको अनुभवी)
फर्निचर वेन्स मिस्त्री- १ जना
हेल्पर-१ जना
फर्निचर सुपर भाइजर-२ जना अनुभवी
(मोटरसाइकल लाइसेन्स भएको)
तलब : आपसी समझदारीमा
सम्पर्क :
थापा काष्ठ उद्योग
पोखरा-१, माछापुच्छे बैंकसँगै
९८४६०२११६०, ९८५६०२२१६०

**तु-आवश्यकता**
म:म मेकर
२ जना
सम्पर्क :
९८५६००९३००

**लगानीकर्ता वा एजेन्ट चाहियो**
तनहुँ / कास्कीको जग्गा पास लिई ब्याजमा लगानी गरिदिने व्यक्तिगत लगानीकर्ता वा सहकारीबाट लोन मिलाइदिने एजेन्ट चाहिएकोले इच्छुक लगानीकर्ता वा एजेन्टले सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८१५१-३२३२६

**तु चाहियो**
New Branch office को लागि
Test, SLC-५ जना
+2 above-४ जना
तलब : आकर्षण
सम्पर्क :
9821325720
9846222719

**सटर भाडामा**
उपयुक्त सटरहरु गोदाम तथा अन्य प्रयोजनको लागि भाडामा । बिरौटा, राम मन्दिरबाट अगाडि पावर हाउस जाने बाटोमा, ग्यालेक्सी पार्टी प्यालेसबाट २ घर तल
सम्पर्क :
९८५११२१५०७

**तु- बिक्रीमा**
पोखरा-१, बगर क्याम्पसचोक स्थित अत्यन्त चालु अवस्थामा रहेको फाष्ट फुड एण्ड क्याफे विशेष कारणबस तु-बिक्रीमा छ ।
मूल्य रु. ४,००,०००।- मात्र
सम्पर्क:
९८२५१७४७७५

**कर्मचारी आवश्यकता**
१) कुक- १ जना
२) रुम व्वाई-१ जना
३) हाउस/किपिङ- २ जना
४) नाईट स्टाप- १ जना
सम्पर्क :
साइलेन्टपिक
लेकसाइड, पोखरा
फोन नं. ०६१-४५२८५७, ०६१-४५१९७७

# देवशिल्पी सहकारीको सभा

सब्बु परियार
पोखरा, २६ पुस



देवशिल्पी बचत तथा ऋण सहकारी संस्थाको १२ औं वार्षिक साधारणसभा सोमबार भएको छ । कार्यक्रममा मन्त्री डोवाटे विश्वकर्माले सहकारीका माध्यमबाट यस क्षेत्रका सिल्पकारीलाई समेटेर उनीहरुको जीवनस्तर उकास्न योगदान गरेकोमा धन्यवाद दिए । प्रदेश सरकारले जीवनरक्षा कोष सञ्चालन गरेको बताउँदै उनले यसमा व्यक्तिगत रुपमा र शिल्पकारीलाई लाभदायक लगानी भएको र व्यक्तिलाई बैंकमार्फत १ लाखदेखि १५ लाखसम्म ऋण प्रदान गरिने उल्लेख गरे ।

रनबहादुर विश्वकर्माले सहकारीले सेयर सदस्यलाई मुनाफामात्रै होइन, समाजसेवा र सकारीमा लागेका व्यक्तिलाई सम्मान राम्रो सन्देश दिएको बताए । सहकारीले निरन्तर बचत गर्ने मिना सुनार र सेती गिरीलाई उत्कृष्ट बचतकर्ता र तिलबहादुर सुनारलाई असल ऋणीको रुपमा सम्मान गरेको छ ।

सहकारीका अध्यक्ष चन्द्रकिशोर गौतमको अध्यक्षतामा भएको कार्यक्रममा ऋषिराम विश्वकर्मा, किरणप्रसाद भट्टचन, गणेश बराइली, होमबहादुर विश्वकर्मा, भीमसेन शाह, लालसिंह घताने, टंक सुनार र कार्यक्रम संयोजक खड्कबहादुर सुनारले बोलेका थिए ।

समारोहमा सहकारीमा लामो समय योगदान दिएका र समाज सेवामा योगदान दिएका पोखरा १० रामबजार निवासी जंगवीर विश्वकर्मा र पोखरा १५ का डबलबहादुर विश्वकर्मालाई सम्मान गरिएको छ ।

सभामा वार्षिक प्रगति प्रतिवेदन सचिव टंक सुनार, लेखापरीक्षण प्रतिवेदन कोषाध्यक्ष कमल सुनार, आन्तरिक लेखा सुपरीवेक्षण प्रतिवेदन रामलाल विश्वकर्माले प्रस्तुत गरेको थिए ।

# नतिजा देखिने गरी काम गर्न मुख्यमन्त्रीको आग्रह

सविता बस्याल
पोखरा, २६ पुस



गण्डकी विश्वविद्यालयले प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई आइतबार वार्षिक प्रतिवेदन पेस गरेको छ । विश्वविद्यालय न्यासिक परिषद अध्यक्ष डा. दिनेशचन्द्र देवकोटाले मुख्यमन्त्री पोखरेललाई उक्त प्रतिवेदन पेस गरे ।

मुख्यमन्त्री पोखरेलले जुन भावना र मर्म अनुसार विश्वविद्यालय स्थापना भएको हो, त्यसैगरी काम गरेर नतिजा देखाउन आग्रह गरे । दक्ष जनशक्ति उत्पादन गरी गण्डकी र अन्य प्रदेशमा समेत उपलब्ध गराउन विश्वविद्यालयले भूमिका खेल्ने विश्वास उनले व्यक्त गरे । शैक्षिक प्रमाणपत्र हातमा परे पनि कुनै सीप नभएका कारण बेरोजगारी बढिरहेको भन्दै यही अवस्था अन्त्यका लागि गण्डकीले विश्वविद्यालय स्थापना गरेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो ।

कुलपति प्राडा गणेशमान गुरुङले विश्वविद्यालयले नेपालमै पहिलो पटक स्पोर्ट्स म्यानेज्मेन्टको पढाइ सुरु गरेको भन्दै विद्यार्थीको राम्रो आकर्षण रहेको जानकारी गराए । स्पोर्ट्स म्यानेज्मेन्ट सँगै विश्वविद्यालयले व्याचर इन फार्मेसी र व्याचलर इन आइटीको कक्षा पनि सुरु गरेको छ । पोखरा ३२ मा सञ्चालित फार्मेसीमा १५ विद्यार्थी छन् भने महेन्द्रपुलबाट सुरु गरिएको आइटीमा २९ विद्यार्थीले पढिरहेका छन् ।

पढाइ, अनुसन्धान र अविष्कारमा जोड दिएको विश्वविद्यालयले अनुसन्धानतर्फ कोदाको रक्सीको ब्रान्डिङको काम गरिरहेको छ । अविष्कार केन्द्रको काम पनि अन्तिम चरणमा पुग्याएको कुलपति प्राडा गणेशमान गुरुङले जानकारी दिए । निकट भविष्यमै एमबिबिएस पढाइसँगै शिक्षण अस्पतालको अवधारणा ल्याएको विश्वविद्यालयमा जग्गा प्राप्तिको समस्या रहेको उनले सुनाए ।

न्यासिक परिषद अध्यक्ष डा. देवकोटाले यो वर्ष विश्वविद्यालयको प्रशासनिक, अनुसन्धान केन्द्र, पुस्तकालय लगायत कक्षा कोठाहरुको निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदनको काम भइरहेकाले यथेष्ट बजेट आवश्यक पर्ने भनाइ राखे ।

# गोगन माविको ५४ औं वार्षिकोत्सव

समाधान संवाददाता
पोखरा, २६ पुस

गण्डकी प्रदेशका भौतिक पूर्वाधार, यातायात व्यवस्था तथा सहरी विकास मन्त्री कुमार खड्काले नैतिक, व्यवहारिक र जीवनोपयोगी शिक्षा आवश्यक भएको बताएका छन् । पोखरा महानगरपालिका वडा नं ३२ स्थित गोगन माध्यमिक विद्यालयको ५४ औं वार्षिकोत्सव एवं अभिभावक दिवसमा उनले नैतिकता विहीन शिक्षाले डाक्टर, इन्जिनियर बनाए पनि सभ्य, सुसंस्कृत मानव बनाउन नसक्ने उल्लेख गरे ।

शिक्षा व्यवहारिक र जीवनोपयोगी बन्न नसक्दासम्म त्यसको अर्थ नरहने बताउँदै मन्त्री खड्काले अवसरको खोजीमा युवा विदेशिन बाध्य हुनुपर्ने अवस्था अन्त्यका लागि सबै गम्भीर बन्नुपर्ने आवश्यकता औंल्याए । 'युवामा देखिएको १० पास गरे हलो छोड्ने, १२ पास गरे थलो छोड्ने प्रवृत्ति रोक्नु जरुरी छ', उनले भने, 'अवसरका लागि विदेशिने युवाहरू बाकसमा फर्कनुपर्ने अवस्थाको अन्त्य गर्न गरी शिक्षा प्रणाली विकास गर्नु आवश्यक छ ।'

विद्यार्थीको शैक्षिक प्रगतिमा शिक्षक तथा अभिभावकको महत्वपूर्ण भूमिका हुने बताउँदै उनले विद्यार्थी स्वयम् पनि आफ्ना अभिभावकको सपना पूरा गर्ने किसिमले महत्वाकांक्षी सपनाका साथ अध्ययन कार्यमा जुट्नुपर्ने बताए ।

गोगन माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष मेघराज पौडेलले विद्यालयको अबको प्राथमिकता शैक्षिक गुणस्तरीयता अभिवृद्धि रहेको बताउँदै विद्यार्थी, शिक्षक, अभिभावक सबैको साथ र सहयोगमा विद्यालयलाई उत्कृष्ट शैक्षिक केन्द्रका रुपमा विकास गरिने जनाए ।

विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद बरालले हाल १ हजार ७ सय ५० विद्यार्थी अध्ययनरत भएको जानकारी दिए । पोखरा ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले यस क्षेत्रकै शैक्षिक विकासमा विद्यालयले महत्वपूर्ण योगदान गरेको बताउँदै शैक्षिक गुणस्तरीयता अभिवृद्धि एवं भौतिक पूर्वाधार विकासका लागि स्थानीय तहबाट सक्दो सहयोग हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा पोखरा महानगरपालिका शिक्षा महाशाखाका बरिष्ठ अधिकृत विश्वराज आचार्य, योजना आयोगका उपाध्यक्ष आरसी लामिछाने, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष खेमराज अधिकारी लगायतले विद्यालयको शैक्षिक उन्नयनको शुभकामना दिए ।

# महिलालाई सित्तैमा ड्राइभिङ तालिम

निलब लामिछाने
पोखरा, २६ पुस




माछापुच्छ्रे गाउँपालिकाले महिलालाई सशक्त गराउन सवारी चालक तालिम सञ्चालन गरेको छ । उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम अन्तर्गत महिलालाई व्यवसायिक रुपमा चालक बनाउने उद्देश्य अनुरुप १८ जनालाई १ महिने हलुका चारपांग्रे सवारी साधन चालकको लागि तालिम सञ्चालन गरेको माछापुच्छ्रे गाँउपालिकाका उपाध्यक्ष कृष्णकुमारी दवाडीले जानकारी दिइन् ।

'हामीले महिला सशक्तीकरणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छौं । चालक तालिम पनि यसै अन्तर्गत सुरु गरेका हौं,' दवाडीले भनिन् । महिलालाई परम्परागत सीपभन्दा अलि फरक प्रविधि र विकाससँग जोडेर महिला सशक्तीकरणका लागि तालिम दिएको उनको भनाइ छ ।

दवाडीका अनुसार आर्थिक वर्ष २०७९/८० को महिला लक्षित कार्यक्रम अन्तर्गत पहिलो चरणमा उक्त तालिम सञ्चालन गरिएको हो । गाँउपालिकाले २५ वर्षदेखि ४० वर्ष उमेर समूहका एकल, दलित र विपन्न महिलालाई लक्षित गरी आवेदन माग गरेको थियो । जसमा ६३ आकांक्षीले फर्म भरेका थिए भने १८ छनोट गरी तालिम प्रदान गरिएको हो ।

गाउँपालिकाले यसअघि महिलालाई निजामति सेवा प्रवेशका लागि लोकसेवा तयारीको कक्षासमेत सञ्चालन गरेको थियो । महिला सीपसँग जोडेर महिला उद्यमी समूहसमेत गठन गरेको छ । स्थानीय उत्पादनलाई बजारीकरण गर्दै आर्थिक सशक्तीकरण गर्न गाउँपालिका र समुदायसँग मिलेर कोशेली घर निर्माण कार्य पनि थालनी गरेको छ भने महिलाका लागि उच्च शिक्षा स्नातक तह छात्रवृद्धि सहयोग कार्यक्रम पनि लागू गरी सूचना प्रकाशन गरेको दवाडीले जानकारी दिइन् ।

गाउँपालिकाको ५८ करोड बजेटमा विकास बजेट १० करोड छ । त्यसमा महिला तथा बालबालिकाको लागि २४ लाख रकम छुट्याइएको छ ।


## गण्डकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

## शीलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०७८/०९/२७ गते

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७८/०९/०७ गते अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित आ.व. २०७८।०७९ मा कार्यान्वयन गरिने पशु शाखाको औषधि खरिद योजनाको लागि शीलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना बमोजिम पर्न आएका बोलपत्रहरु मध्ये देहायको शीलवन्दी दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७८/०९/२३ को निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को ६३ को प्रयोजनार्थ सवै दरभाउपत्रदाताहरुको जानकारी समेतका लागि ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. स. | ठेक्काको नाम | कामको विवरण | स्वीकृतीको लागि छनौट भएको फर्मको नाम | कबोल अंक (मुल्य अभिवृद्धि कर बाहेक) |
|---|---|---|---|---|
| १ | GRM/GOODS/ SQ/15 /2078/079 | Supply and Delivery of veterinary medicines and medical equipments | Bishwash Vaterinary Suppliers Gorkha | 13,72,515.00 |

प्रमुख प्रशासकीय अधिकृत

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की



दोस्रो टाइगर कप

# पहिलो दिन ४ खेल



**समाधान संवाददाता**
पोखरा, २६ पुस

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा दोस्रो टाइगर कप आमन्त्रित भलिबल प्रतियोगिता सोमबारबाट पोखरामा सुरु भएको छ । माघ १ गतेसम्म पोखरा रंगशालामा चल्ने प्रतियोगितामा पहिलो दिन पुरुष र महिलातर्फ गरी ४ खेल भएका छन् ।

उद्घाटन खेलमा पुरुषतर्फ नेपाल पुलिस क्लबले टिप-टप हेल्प नेपाललाई ३-२ ले पराजित गरेको छ । ३ भारतीय खेलाडी सम्मिलित हेल्प नेपालले पहिलो सेट २५-१६ र दोस्रो सेट ३१-२९ ले जित्दै नेपाल पुलिसलाई दबाबमा राखेको थियो । तर नेपाल पुलिसले पछिल्ला ३ सेटमा लयमा फर्किदै राउन्ड रोविन लिगको पहिलो खेल आफ्नो पक्षमा पार्न सफल भएको छ । पुलिसले तेश्रो, चौथो र पाँचौ सेट २५-१९, २५-२३ र १७-१५ ले जितेको छ । उक्त खेलमा हेल्प नेपालका भारतीय खेलाडी अमित म्यान अफ दि म्याच र नेपाल पुलिसका भीम रानामगर उत्कृष्ट डिफेन्डर घोषित भए ।

पुरुषतर्फको अर्को खेलमा डिफेन्डिङ च्याम्पियनसमेत रहेको गण्डकी प्रदेश विजयी भएको छ । गण्डकीले एपिएफ क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । पहिलो सेट २५-१७ ले जितेको गण्डकीले दोस्रो सेट २५-२२ र तेस्रो सेट २५-१७ ले आफ्नो पक्षमा पार्न सफल भयो । खेलमा गण्डकीका हिमाल सुनारी मगर म्यान अफ दि म्याच हुँदै नगद ५ हजार हात पारेका छन् भने एफिएफका विनोद चन्द उत्कृष्ट डिफेन्डर घोषित भएका छन् ।

महिलातर्फको खेलमा होवाङ्ग्जी न्यु डायमन्ड र एपिएफ क्लब विजयी भएका छन् । न्यु डायमन्डले नेपाल आर्मीलाई ३-१ को सेटमा पराजित गरेको हो भने सशस्त्रले नेपाल पुलिसलाई ३-१ सेटमा नै पराजित गरेको थियो । न्यु डायमन्डले पहिलो सेटबाट नै दबाबमा राख्दै २५-१७, दोस्रो सेट २५-२२ ले जित्दा तेश्रो सेट भने २५-१३ ले गुमाउन पुगेको थियो । तर चौथो सेटमा २५-१७ ले खेलमा फर्किदै डायमन्ड बिजयी बन्यो । उक्त खेलमा न्यु डायमण्डकी प्रतिभा माली म्यान अफ दि म्याच भइन् भने आर्मीकी सलिना श्रेष्ठ उत्कृष्ट डिफेन्डर भइन् ।

एपिएफले आफ्नो चिर परिचित प्रतिद्वन्दी नेपाल पुलिसलाई ३-१ को सेटमा पराजित गरेको छ । पहिला २ सेट २६-२४ र २५-१८ ले जितेको एफिएफले तेस्रो सेट भने २३-२५ ले गुमाउन पुग्यो । तर चौथो सेटमा एपिएफले २५-२३ ले जित्दै अंक बटुल्न सफल भएको छ । खेलमा एपिएफकी सरस्वती चौधरी म्यान अफ दि म्याच भइन् भने नेपाल पुलिसकी शान्तिकला तामाङ उत्कृष्ट डिफेन्डर भएकी छन् ।

यसअघि प्रतियोगिता उद्घाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखरालाई खेलकुदको हवको रुपमा विकास गर्ने बताए । आयोजक संस्थाका अध्यक्ष नारायणप्रसाद शर्माले सबै सहयोगीप्रति आभार प्रकट गरे ।

माघ १ गतेसम्म राउण्ड रोविन लिगको आधारमा सञ्चालन भएको प्रतियोगितामा महिला र पुरुष गरी १० टिमको सहभागिता छ । प्रतियोगितामा महिलातर्फ विभागिय टिमहरुमा नेपाल आर्मी क्लव, नेपाल पुलिस र शसस्त्र प्रहरीबल, न्यु डायमन्ड र आयोजक संस्था टाइगर ग्रुप अफ पोखरा नेपाल सहभागी छन् । आयोजकको टिममा नेपाल महिला भलिबलकी क्याप्टेन अरुणा शाहीको नेतृत्वमा श्रीलंकका महिला भलिबलका क्याप्टेनसहित ३ खेलाडीको सहभागिता छ । पुरुषतर्फ गण्डकी प्रदेश, विभागिय टिमहरू नेपाल आर्मी क्लब, नेपाल पुलिस क्लब र शसस्त्र प्रहरी बल, टिप टप हेल्प नेपाल स्पोर्टस क्लबका टिम छन् ।

प्रतियोगिताका उपाधि विजेता महिला/पुरुष उपाधि विजेता टिमलाई समान नगद ३ लाख, उपविजेता टिमलाई १ लाख ५० हजार, तेस्रो हुने टिमलाई ७५ हजार र सान्त्वना हुने टिमलाई नगद ३५ हजार प्रदान गर्ने आयोजकले जनाएको छ । यस्तै, महिला तथा पुरुषतर्फ उत्कृष्ट एक एक खेलाडीलाई समान नगद २५ हजार तथा हरेक विद्याका उत्कृष्ट खेलाडीलाई जनही नगद १० हजार सहित र ट्रफी प्रदान गरिनेछ ।

# एट ए साइड भेट्रान्स सुरु

**समाधान संवाददाता**
पोखरा, २६ पुस



बगर भाइ खलक एट ए साइड अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता पोखराको टुडिँखेल मैदानमा सुरु भएको छ । सोमबार भएको उद्घाटन खेलमा पोखरा वडा नं २० भलामले पोखराकै दीप युनाइटेडलाई २-० गोलले पराजित गरेको छ । भलामका लागि मिलन राना र रमेश बस्नेतले समान १ गोल गरेका थिए । उद्घाटन खेलको म्यान अफ दि म्याच भलामका मिलन राना घोषित भए ।

सोमबार नै भएको पोखराको एबिसी क्लब 'बि' र चितवन भेट्रान्स बीचको खेलमा पाहुना टोली चितवन ५-० ले विजयी भएको छ । चितवनको जितमा खेलमा म्यान अफ दि म्याचसमेत भएका शिवकुमार श्रेष्ठले २ गोल गरेका थिए भने शिवराज लामा, सुरेन्द्र चौधरी र हर्कराज गुरुङले समान १ गोल गरेको प्राविधिक संयोजक खगेन्द्र गुरुङले जानकारी दिए ।

पाँचौ स्व. रञ्जित गुरुङ स्मृति तथा ११ औं वगर भाइ खलक एट ए साइड अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता उद्घाटन गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री राजीव गुरुङले गरेका थिए । 'स्वास्थ्यका लागि १ घण्टा व्ययाम, नागरिकका लागि नौलो आयाम' भन्ने नाराका साथ ११ वर्षअघि प्रतियोगिता सुरु भएको हो ।

कार्यक्रममा पोखराका अग्रज खेलकर्मी महेश गुरुङ सम्मानित भए । संस्थाले खेलकुद विकासका लागि विशेष योगदान दिँदै आएका व्यक्तित्वलाई हरेक वर्ष सम्मान गर्दै आएको छ ।

संस्थाका अध्यक्ष दिलबहादुर गुरुङले प्रतियोगितालाई ११ वर्षसम्म निरन्तर सहयोग गर्नेहरुप्रति आभार प्रकट गरे । ४० वर्षदेखि ६५ बर्षको उमेर समूहका पाका खेलाडीको खेलबाट नयाँ पिढीलाई खेलकुदप्रति अभिरुचि जगाइ भविष्यमा खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको उक्त प्रतियोगितामा २५ टिमको सहभागिता हुने संस्थाका अध्यक्ष गुरुङले जनाएका छन् । भेट्रानहरुको संस्थागत रुपमा नेपालमै पहिलो पटक सुरु भएको उक्त प्रतियोगितामा काठमाडौं, वीरगञ्ज, हेटौडा, चितवन, वुटवल, वालिङ लगायत स्थानीय टिमको सहभागिता छ ।

प्रतियोगितामा उपाधि विजेताले १ लाख ५१ हजार १ सय १ सय ११ सहित रनिङ सिल्ड, पदक र प्रमाणपत्र, उपाविजेताले नगद ७५ हजार ५ सय ५५ सहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्ने छन् । उत्कृष्ट गोल किपर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई ट्रफीसहित जनही नगद ५ हजार दिइनेछ भने सेमिफाइलन पुग्ने २ टिमलाई नगद १० हजार उपलब्ध गराइनेछ । साथै, सर्वोत्कृष्ट खेलाडीलाई ट्रफीसहित नगद १० हजार प्रदान गरिनेछ ।

प्रतियोगिता गर्न २० लाख खर्च लाग्ने अनुमान र २१ लाख ५० हजार आम्दानी हुने अनुमान गरिएको छ । प्रतियोगिता माघ १ गतेसम्म सञ्चालन हुनेछ ।

# पेन्सन क्याम्पमा रक्तदान र स्वास्थ्य शिविर

**समाधान संवाददाता**
पोखरा, २६ पुस

भारतीय राजदुतावास पेन्सन वितरण कार्यालय पोखराले सोमबार रक्तदान एवं निशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ । भारतीय पेन्सन क्याम्पमा प्रमुख कर्णेल शशांक त्रिपाठीले भूपूहरुको सेवा साथै रचनात्मक काममा क्याम्प सक्रिय रहेको बताए ।

भारतको ७५ औं स्वतन्त्रता दिवसको सन्दर्भमा कार्यक्रम आयोजना गरिएको हो । भारतीय राजदुताबास पोखराले यसअघि अन्य विविध कार्यक्रम धेरै गरेको भए पनि रक्तदान पहिलो पटक गरिएको प्रमुख त्रिपाठीले बताए । भारतीय पेन्सन क्याम्पभित्रै आयोजना भएको कार्यक्रममा निशुल्क स्वास्थ्य परीक्षण, मुख र दाँत परीक्षण, रक्तअल्पता, क्यान्सर र स्वास्थ्य जीवनयापनका लागि जीवनशैलीसम्बन्धी सचेतना कार्यक्रमसमेत सञ्चालन गरेको थियो । भारतीय पेन्सन क्याम्प पोखरामा भित्र रहेका चिकित्सकले बिमारीको स्वास्थ्य परीक्षण साथै बिरामीलाई आवश्यक औषधी निशुल्क वितरण गरेका छन् । कार्यक्रममा पोखरा रक्त सञ्चार केन्द्रका प्रमुख अर्जुन ज्ञवालीले रक्तदानको महत्वसँगै स्वास्थ्य सचेतना गराएका थिए । रक्तदाता अभियन्ता सराङकोट बहुउद्देश्यीय सहकारीका अध्यक्ष कृष्णबहादुर थापाले रक्तदानले समाजसेवासँगै व्यक्तिको स्वास्थ्यमा फाइदा पुऱ्याउने बताए ।

कार्यक्रममा १ सय ११ युनिट रगत संकलन भएको छ । समारोहमा गोर्खा कम्युनिटी ग्रुपका अध्यक्ष चोकबहादुर गुरुङ, उपाध्यक्ष दिलमाया गुरुङ, बिज्ञापन बोर्डका अधिकृत हरिनारायण गौतम, पेन्सन वितरण कार्यालयका प्रतिनिधि भरतभूषण पाण्डे, चेतबहादुर खत्री लगायतले बोलेका थिए ।

# माक्स वितरण

पोखरा, २६ पुस (समाधान)- पोखरा ९ तुल्सीघाट स्थित अस्थायी प्रहरी बिटका प्रहरी तथा यस क्षेत्रका समाजसेवीले १ हजार ५ सय माक्स वितरण गरेका छन् । सोमबार बिहान ६ बजेदेखि नै तुल्सीघाटमा रहेको पक्की पुल हुँदै आउने तथा जाने सवारी साधनमा चालक तथा यात्रुलाई प्रहरी हवल्दार जनक धामीको नेतृत्वमा माक्स वितरण गरिएको हो ।

ओमिक्रोनको प्रकोप बढ्दै गएकाले माक्स अनिवार्य गराउन तथा जनचेतनाका लागि अभियान थालिएको सामुदायिक प्रहरी सेवा तथा सामुदायिक सेवा केन्द्र पृथ्वीचोकका सचिव उत्तम जोशीले बताए । पोखरा महानगर सहरी स्वास्थ शाखा पोखरा ९ को विषेश सहयोग तथा सामुदायिक सेवा तथा सामुदायिक प्रहरी सेवा केन्द्र पृथ्वीचोक आयोजना अभियान चलाइएको हो ।

# महिला उद्यमी संघको कानुनी र बैंकिङ साक्षरता

**समाधान संवाददाता**
पोखरा, २६ पुस



महिला उद्यमी संघ नेपाल कास्कीले सातौं साधारण सभा, कानुनी एवं बैंकिङ साक्षरता कार्यक्रम गरेको छ । संघको आयोजना तथा अस्ट्रेलिया नेपाल बिजनेस काउन्सिल कमिटी (एनआरएनए)को आर्थिक सहयोगमा भएको कार्यक्रम संघका अध्यक्ष पार्वती पौडेल रेग्मीको सभापतित्वमा भएको थियो ।

कार्यक्रममा प्रतिनिधि सभा सदस्य विद्या भट्टराईले महिला उद्यमीका नीतिगत मुद्दा सुल्झाउन आफू सदैव लागिरहने वचनबद्धता गरिन् । वास्तविक उद्यमी उत्पादन गर्नुपर्ने आवश्यकता भट्टराईले औंल्याइन् ।

कार्यक्रममा संस्थापक अध्यक्ष मीना गुरुङ, पोखरा उद्योग वाणिज्य संघकी शोभा गौतम, नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेश अध्यक्ष सञ्जीवबहादुर कोइराला, मेगा बैंकको बुद्धलक्ष्मी श्रेष्ठ लगायत सहजकर्ता थिए । कानुनी सल्लाहकार एवं अधिवक्ता बिनाका शर्माले कानुनी मामलामा सहभागीलाई जानकारी गराइन् । कार्यक्रममा १ सय जना जति सहभागी थिए ।

कानुनी सल्लाहकार बिनाका शर्माले महिला उद्यमीलाई उद्यमशीलाताका क्षेत्रमा आइपर्ने बाधा अड्चन र तिनका समाधानका विषयमा सहजीकरण गरिन् । मेगा बैंककी बुद्धलक्ष्मी श्रेष्ठ र शिवबहादुर कार्कीले महिला उद्यमी सरल कर्जा तथा बैंकबाट प्रदान गरिने सेवा, सुविधा तथा प्रक्रियाका बारेमा प्रष्ट पारे ।

साधारण सभाले संघकी महासचिव एलिना बराल तथा कोषाध्यक्ष चन्द्रा शर्माको प्रतिवेदन पारित गऱ्यो । कार्यक्रममा संघकी निवर्तमान अध्यक्ष काशी गुरुङलाई सम्मान गर्नुका साथै वर्तमान अध्यक्ष पार्वती पौडेल रेग्मीलाई महासंघको १८ औं साधारण सभाबाट केन्द्रीय सदस्य निर्वाचित भएकोमा सम्मान गरिएको थियो ।

महासंघका ५७ जिल्लामध्ये कास्की जिल्लाले तेस्रो उत्कृष्ट स्थान प्राप्त गरेको उपलक्ष्यामा खुसी साटासाट पनि भएको थियो । मीना प्रधान तथा बालकुमारी गुरुङको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रम प्रथम उपाध्यक्ष प्रतिभा गैह्रेले सञ्चालन गरेकी थिइन् ।

# एमाले बागलुङमा केसी

बागलुङ, २६ पुस (समाधान)-नेकपा एमाले बागलुङको अध्यक्षमा हिराबहादुर केसी निर्वाचित भएका छन् । सोमबार बिहान सार्वजनिक मतपरिणाम अनुसार केसीले कृष्ण पाठकलाई १ सय १ मतान्तरले पराजित गरेका हुन् । केसीले ३ सय २९ मत र पाठकले २ सय २८ मत प्राप्त गरेका छन् ।

उपाध्यक्षमा लक्ष्मण पुन र सचिवमा विष्णु भुषाल यसअघि नै निर्विरोध बनिसकेका थिए । २ उपसचिवका लागि भएको निर्वाचनमा २ सय ९९ मत प्राप्त गरी गणेश थापा र २ सय २८ मत प्राप्त गरी डम्मर छन्त्याल विजयी बने ।

२४ जना खुलातर्फ जिल्ला सदस्यमा अमरबहादुर थापाले सबैभन्दा बढी ४ सय २७ मत प्राप्त गरी विजयी बने । एमालेको नवौ जिल्ला अधिवेशनमा भएको निर्वाचनमा काठेखोला गाउँपालिकाका अध्यक्षसमेत रहेका थापा म्यान अफ द इलेक्सन बनेका हुन् । अरु खुला सदस्यमा शेखर खड्का (३९७), रुद्र पौडेल (३८४), सम्पन्न श्रेष्ठ (३६८), अनन्तबहादुर खड्का (३६३), नेत्रबहादुर बिष्ट (३५८), प्रेम लामिछाने (३५७), बालकृष्ण शर्मा (३५६), पुनमप्रसाद शर्मा (३५६), ईश्वरलाल राजभण्डारी (३५५), पवित्रा रोका (३५३), लोकेन्द्रबहादुर केसी (३५३), भूपेन्द्र खड्का (३४३), यमबहादुर श्रीस थापा (३४२), शिव शर्मा (३४२), दीपक गौतम (३३३), रुद्रबहादुर महत क्षेत्री (३३२), सन्दीप खड्का (३२६), खिमबहादुर थापामगर (३२१), प्रेमबहादुर केसी (३१९), चन्द्र गणेश (३१३), जितबहादुर क्षेत्री (राजन) (३११), कृष्ण अधिकारी (३०८) र खगेन्द्र पौडेल (३०६) छन् । भूगोलतर्फ काठेखोला गाउँपालिकाबाट खीमबहादुर कार्की (२५६) र खुमबहादुर भण्डारी (२४०) बने । अल्पसंख्यकतर्फ ढालेन्द्र शेरचन (३४०) र तालबहादुर छन्त्याल (२५२) चुनिएका छन् ।

# कोरला जाने सडक खुला

**सुन्दरकुमार थकाली**
जोमसोम, २६ पुस

कोरला नाका जोड्ने उपल्लो मुस्ताङको जोमसोम कोरला सडकमाथि थुप्रिएको हिउँ पन्छाइएको छ । लोघेकर दामोदरकुण्ड गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट खर्च व्यहोरेर बाटो खुलाइएको हो ।

पालिकाले शुक्रबार र शनिबार २ दिन लगाएर हिउँ हटाएको हो । हिउँ पन्छाएपछि सडकमा आवागमन खुलेको छ । लो ध्ये कन्ट्रक्सनको डोजर भाडामा लिएर हिउँ पन्छाइएको अध्यक्ष लोप्साङ छोम्फेल बिष्टले जानकारी दिए । जोमसोम–कोरला सडक अन्तर्गत वारागुङ मुक्तिक्षेत्र ३ छुसाङदेखि स्याङवचे र स्याङवचेदेखि लोघेकर १ चराङसम्मको करिब ५० किमी सडकको हिउँ हटाइएको छ ।

साताअघि उपल्लो मुस्ताङमा ३ फिट र तल्लो मुस्ताङमा २ फिटभन्दा बढी हिउँ परेको थियो । भारी हिमपातका कारण जोमसोम कोरला सडक, मुक्तिनाथ सडक र बेनी–जोमसोम सडक अवरुद्ध भएका थिए । बाक्लो हिमपातले सडक अवरुद्ध भएपछि मुक्तिनाथ दर्शन गर्ने तीर्थालुलाई समस्या परेको थियो भने उपल्लो मुस्ताङमा सवारी आवागमन ठप्पै बनेको थियो ।

मुक्तिनाथ सडकको हिउँ सुरक्षाकर्मीले पन्छाएएका हुन् भने बेनी जोमसोम सडकको घाँसादेखि लेतेसम्मको हिउँ सो खण्डको जिम्मा लिएको कन्ट्रक्सनले सफा गरेको छ । तर, कागबेनीदेखि माथि कोरला सडकको हिउँ पन्छाउन नसक्दा सवारी चल्न सकेका थिएनन् ।

उपल्लो मुस्ताङको चराङसम्म हिउँ पन्छाएपछि उपल्लो मुस्ताङ जाने पर्यटक तथा स्थानीय सर्वसाधारणलाई सहज भएको अध्यक्ष बिष्टले उल्लेख गरे । हिउँ पर्ने समय अझै बाँकी छ । कात्तिकदेखि फागुनसम्म हिउँ पर्ने सम्भावना हुन्छ । उपल्लो मुस्ताङ जाने सडकमा आवागमन अवरुद्ध हुँदा खाद्यान्न लगायतका अत्यावश्यकीय सामग्री ढुवानी तथा सदरमुकामसम्म पुगेर स्वास्थ्य सेवा लिन स्थानीयलाई कठिनाइ परेको थियो ।

# बेनिशा शिक्षा सदनको ब्रान्ड एम्बेसडर

**समाधान संवाददाता**
पोखरा, २६ पुस



शिक्षा सदन एजुकेसन कन्सल्टेन्सीले पोखरामा शाखा सञ्चालनमा ल्याएको छ । कन्सल्टेन्सीको शाखाको शुक्रबार पोखरा सिद्धार्थचोक नजिक सुन्दरमार्गमा शाखा सुरुआत गरेको हो ।

अस्ट्रेलियामा केन्द्रीय कार्यालयमा रहेको शिक्षा सदनको काठमाडौं पुतलीसडकमा पनि कार्यालय छ । उच्च शिक्षाका लागि अस्ट्रेलिया, युके, क्यानडा लगायत देश जान चाहने विद्यार्थीलाई शैक्षिक परामर्श लगायत सेवा सुविधा दिने उद्देश्यसहित पोखराका टीका भुर्तेलले गत वर्ष शिक्षा सदन एजुकेसन कन्सल्टेन्सी स्थापना गरेका हुन् ।

कन्सल्टेन्सीले चलचित्र कलारका बेनिशा हमाललाई आफ्नो ब्रान्ड एम्बेसडर नियुक्त गरेको छ । शनिबार आयोजित कार्यक्रममा सो संस्थाका प्रबन्ध निर्देशक टीका भुर्तेल र कलाकार हमालले सम्झौतापत्रमा हस्ताक्षर गरे । ब्रान्ड एम्बेसडर हमालले संस्थासँग जोडिन पाउँदा खुसी लागेको बताउँदै संस्थाको उन्नति र प्रगतिको कामना गरिन् । प्रबन्ध निर्देशक भुर्तेल शैक्षिक परामर्शका क्षेत्रमा रहेका विकृति विसंगतिभन्दा अलग रहेर नयाँ तौरतरिकाले परामर्श दिने प्रतिबद्धता व्यक्त गरे । 'अस्ट्रेलिया पुगिसकेपछि कुनै पनि सरसहयोग चाहिँदा पनि हामी सेवा गर्न तत्पर हुनेछौं,' भुर्तेलले भने ।

**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।**

» झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
» सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
» आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
» हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
» सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

**झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

